# प्रभु क्यापिटल लिमिटेड

**कमलादी, काठमाडौ**

# १३ औं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**आदरणीय शेयरधनी महानुभावहरु,**

मिति २०७८ साल भदौ २० गते बसेको सञ्चालक समितिको १६० औं बैठकको निर्णय अनुसार यस प्रभु क्यापिटल लिमिटेडको तेह्रौ वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरुका सम्बन्धमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, स्थान र समय :**

मिति : २०७८ साल असोज १६ गते, शनिबार (तदानुसार सन २०२१, अक्टोबर २)

स्थान : होटेल एलफ्ट (Aloft) छायाँ सेन्टर, ठमेल, काठमाण्डौ, नेपाल ।

समय : बिहानको ११ बजे ।

**छलफल तथा निर्णयका लागि निर्धारीत विषय सूचीहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०७७/७८ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको प्रभु क्यापिटल लिमिटेडको आ.व. २०७७/७८ सम्मको वासलात र सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका संलग्न अनुसुची उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७८/७९ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा (कम्पनी ऐन २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरिक्षक श्री आर्चाय सुमन एसोसियटस पुनः नियुक्ति हुन योग्य हुनुहुन्छ) ।

४. आर्थिक वर्ष २०७७/७८ मा प्राप्त मुनाफाबाट कर सहित नगद लाभांशको रुपमा १७.६१ प्रतिशत नगद लाभांस पारित गर्ने ।

**क) बिशेष प्रस्तावहरु :**

१. कम्पनीले जम्मा चुक्ता पूँजीको २२.३८८५ प्रतिशत बोनश शेयर वितरण गर्ने तथा बोनश शेयर वितरणका कारणले क्यापिटलको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि सम्बन्धी प्रस्ताव उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारीत गर्ने ।

३. प्रबन्धपत्र र नियमावलीमा गरिने संसोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रबन्धपत्र वा नियमावली संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

४. विविध ।

**अन्य थप जानकारीको लागि कम्पनीको वेभसाइट www.prabhucapital.com वा रजिष्टर्ड कार्यालय कमलादी, काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**


**प्रभु क्यापिटल लिमिटेड**

**कमलादी, काठमाडौं, फोन नं. ४२२२९३९, ४२२२९८७, फ्याक्सः४२२२८०२**

E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com

(A Subsidiary of Prabhu Bank Ltd.)